का.जि.प्र.का.द.नं. १००/०५९/६०

**१६ भदौ २०८०,**
**शनिबार**
**2 September 2023,**
**Saturday**
**मूल्य रु. ५/-**

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २१, अंक २१९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# छिमेकी व्यवहारले आजित नेपाल



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १५ भदौ ।

चीनको नयाँ नक्साप्रति नेपालले विरोध जनाएको छ । चीनले सार्वजनिक गरेको नयाँ नक्सामा नेपालको चुच्चे नक्सा समावेश छैन । यसप्रति असहमति जनाउँदै शुक्रबार सरकारले संसदले सर्वसम्मतिले स्वीकृत गरेको राजनीतिक र प्रशासनिक नक्सालाई छिमेकीहरुले सम्मान गर्नु पर्ने बताएको हो ।

चीनले सार्वजनिक गरेको नयाँ नक्सामा आफूहरुको भूभाग समेटिएको भन्दै भारत, फिलिपिन्स र मलेसियाले पनि आपत्ति जनाइसकेका छन् । नयाँ नक्सामा भारत र फिलिपिन्सले औपचारिक असहमति जनाएका छन् भने मलेसियाले पनि आफ्नो भूभाग समेटेर नयाँ नक्सा जारी गरेको भन्दै कडा आपत्ति जनाएको छ ।

चीनले आफूहरुको सार्वभौमिकता ख्याल नगरी नयाँ नक्सा जारी गरेको भन्दै ३ राष्ट्रले विरोध जनाएपछि नेपालले पनि विरोध गर्दै विज्ञप्ती निकालेको हो ।

चीनको नक्सामा मात्रै नेपाल आजित भएको होइन । भारतसँगको सीमा र नक्साका कारण नेपाली राजनीतिक नेतृत्व बारम्बार प्रश्नको घेरामा परिरहन्छन् ।

भारतले आफ्नो नयाँ संसद भवनमा अखण्ड नक्सा राखेपछि विवाद भएको थियो । भारतले जेठ १४ गते आफ्नो संसद भवनमा राखेको अखण्ड भारतको नक्सामा नेपालको लुम्बिनी र कपिलवस्तु पनि समेटिएको थियो । जसमा केही नेपाली भूभागलाई पनि समेटिएको छ । सो नक्साका कारण प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमण समेत विवादमा परेको थियो ।

भारत भ्रमणमा प्रधानमन्त्री प्रचण्डले उक्त नक्साको बारेमा कुरा गर्ने हो कि होइन भनि आम जनताबाट प्रश्न गरिएको थियो । त्यसको जवाफमा प्रधानमन्त्री प्रचण्डले भ्रमणको क्रममा यस विषयमा कुरा राख्ने भनेका थिए तर पृष्ठ २ मा

> नेपालको भूभाग हुँदै भारत र चीनले व्यापारिक नाका बनाएको विषय होस् या नेपाली भूभाग हुँदै इन्द्रसरोवर जाने बाटो भारतले एकतर्फी अगाडि बढाएको विषय । भारतको संसद भवनमा राखिएको नयाँ नक्सा होस् या चिनियाँ नयाँ नक्सा । नेपाल सन्तुलित कूटनीति भन्दा भन्दै पनि छिमेकी मुलुकको व्यवहारबाट आजित छ ।



> हाम्रा प्रधानमन्त्रीज्यू चीन भ्रमणमा जाँदै हुनुहुन्छ । यस विषय (नेपालको चुच्चे नक्साप्रति चिनियाँ अन्देखा)मा कुरा राख्नुहुन्छ । र, यसको कूटनैतिक तवरबाट हल खोजिनुपर्छ ।
>
> **अग्निप्रसाद सापकोटा**, प्रवक्ता, माओवादी केन्द्र

## हाम्रो नक्साको छिमेकीले सम्मान गर्नुपर्छ : परराष्ट्र मन्त्रालय

२८ अगष्टमा चीनले जारी गरेको नयाँ नक्साका परराष्ट्र मन्त्रालय शुक्रबार विज्ञप्ती निकाले विरोध जनाएको छ । जहाँ संसदले सर्वसम्मतिले स्वीकृत गरेको राजनीतिक र प्रशासनिक नक्सामा नेपाल दृढ र स्पष्ट रहेको बताइएको छ ।

'यो नक्सालाई हाम्रा छिमेकी र अन्तर्राष्ट्रिय समुदायले सम्मान गर्नुपर्छ भन्ने नेपाल सरकार विश्वास गर्छ' परराष्ट्र मन्त्रालयले विज्ञप्ति निकाल्दै भनेको छ ।

मन्त्रालयले नेपाल सीमा विवाद वार्ता र कूटनीतिबाट समाधान गर्न प्रतिबद्ध रहेको पनि स्पष्ट पारेको छ । चीनले सार्वजनिक गरेको नयाँ नक्सामा नेपालको चुच्चे नक्सा समावेश छैन ।

## वैदेशिक रोजगार विशेष

# मलेसियामा नेपालबाट तीन हप्तामै पुग्न थाल्यो राहदानी

मध्यान्ह संवाददाता
काठमाडौं, १५ भदौ

राहदानी विभागले तोकिएको समयभन्दा अगाडि नै राहदानी पठाउन थालेपछि वैदेशिक रोजगारमा रहेका कामदारहरुलाई केही सहज भएको छ । मलेसियास्थित नेपाली दूतावासले यसअघि नेपालबाट राहदानी बनेर मलेसिया पुग्न ४५ दिनभन्दा बढी समय लाग्ने गरेकोमा हाल उक्त समयमा आधाआधीले कमी आइ तीन हप्ता र बढीमा २५ दिनभित्रै पुग्ने गरेको बताएको छ ।

दूतावासले प्रत्येक शुक्रबार सञ्चालन गर्ने साप्ताहिक फेसबुक लाइभ कार्यक्रममा दूतावासका द्वितीय सचिव प्रेम बहादुर बुढथापाले राहदानी बनाउन लामो समयदेखि रहेको ढिलाइ हटेकाले कुनै तनाव नलिन नेपालीलाई आग्रह गरेका छन् ।

यसअघि राहदानीको समस्या लिएर दैनिक ४ सय नेपाली दूतावास आउने गरेका कारण सेवा सञ्चालनमा समस्या उत्पन्न भएको दूतावासले बताएको थियो । दूतावासले पहिले नै अनुमति अर्थात एपोइन्टमेट लिएकाहरुलाई मात्रै सेवा दिने गरेको छ । तर राहदानीका लागि दूतावासको सेवा प्रवाह प्रणालीबारेमा पर्याप्त जानकारी नपाउँदा कामदारहरु आफूलाई फुर्सद भएको समयमा दूतावास जाने र सेवा नपाइ गुनासो मात्रै लिएर फर्किनुपर्ने अवस्था रहेको पृष्ठ २ मा

### भिड नगर्न राहदानी विभागको आग्रह

**काठमाडौं/मस-** राहदानी विभागले एपोइन्टमेन्टको समयमा मात्रै विभाग आउन सेवाग्राहीलाई आग्रह गरेको छ । वैदेशिक रोजगार वा विदेश अध्ययनका लागि हतार हुने सेवाग्राही एपोइन्टमेन्टको समयभन्दा पहिले नै विभाग पुग्दा विभाग परिसरमात्रै नभएर त्रिपुरेश्वर मूल सडकमा समेत भिड हुने गरेको छ । शुक्रबार विज्ञप्ति पृष्ठ २ मा

# खाँण भेट्न कारागारमा नेताहरुको लर्को

थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेशविरुद्ध उच्च अदालत पाटनमा रिट दिएका खाँण अदालतको आदेशबाटै छुट्नेमा आशावादी छन् । भेट्न पुगेका नेताहरुले पनि नआत्तिन खाँणलाई भनिरहेका छन् ।

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, १५ भदौ ।

नेपाली कांग्रेसको नेतृत्वका दावेदारका रुपमा हेरिएका नेता थिए वालकृण खाँण । तर नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा उनी हाल पुर्पक्षका लागि थुनामा छन् ।

पार्टीभित्र आफ्नो राम्रो पकड बनाउन सफल खाँण पूर्वगृहमन्त्री पनि हुन् । राज्यको उच्च तहमा रहेर काम गरिसकेका कारण उनका समर्थक र विरोधी हुने स्वभाविक छ । तर उनी थुनामा गएपछि उनलाई ढासस दिन भने नेताहरुको कारागारमा लर्को नै लाग्न थालेको छ ।



खाण भेट्न कारागार पुग्ने नेताहरुमा सबैभन्दा धेरै कांग्रेसका छन् । अन्य पार्टीका नेताहरु पनि कारागार गएर खाँणसभ्ग भेटिरहेका छन् ।

कारागारका अनुसार कांग्रेसका प्रभावशाली नेताहरु गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, शशांक कोइराला, शेखर कोइराला लगायतका नेताहरुले कारागारमै पुगेर खाँणलाई भेटे ।

कांग्रेसका सह-महामन्त्रीहरु डिना उपाध्याय, महेन्द्र यादव, भिष्मराज आङदम्बे, किशोरसिंह राठौर, शंकर भण्डारी, हृदयराम थानी, उदयशम्शेर राणा, जितजंग बस्नेत, नागिना यादव लगायत पनि खाणलाई भेटेर ढाढस दिएका छन्

बहालवाला परराष्ट्रमन्त्री एनपी साउद, गण्डकीका मुख्यमन्त्री सुरेन्द्र पाण्डे, लुम्बिनीका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले पनि कारागारमै पुगेर खाणलाई भेटिसके ।

कांग्रेस बाहेकका दलका नेताहरुपनि खाँणलाई भेट्न कारागार पुगेका छन् । एमाले उपमहासचिव प्रदीप ज्ञवाली र माओवादीका केन्द्रका सचिव देवेन्द्र पौडेलले पनि खाँणलाई कारागारमै गएर भेटे । पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ भदौ २०८०, शनिबार
2 September 2023, Saturday

# जसपाले मधेश प्रदेशका ८ जिल्लामा बृहत् विस्तारित बैठक गर्दै

**मेवालाल यादव/मध्यान्ह**
रौतहट, १५ भदौ



जनता समाजवादी पार्टी नेपाल जिल्ला समन्वय समिति रौतहटले बृहत् विस्तारित बैठक गर्ने भएको छ। रौतहट जिल्ला अध्यक्ष श्याम बिहारी यादवको अध्यक्षतामा शुक्रबार बसेको बैठकले आइतबार ८ वटै जिल्लामा बृहत विस्तारित बैठक गर्ने निर्णय गरेको हो।

बैठकमा पार्टीले रौतहट जिल्ला इन्चार्जको रुपमा रहेका राम बशिष्ट यादवलाई सर्लाही इन्चार्जको थप जिमेवारी पाएकोमा अबीर, माला लगाएर बिदाई गरिएको छ। साथै विस्तारित बैठकबाट संगठन विभाग सदस्यमा अनवर हासमी, दलित संगठनको सदस्यमा पुनीत राम र प्रचार प्रसार संगठनको सदस्यमा राजकुमार दासलाई थप जिम्मेवारी दिइएकोमा रौतहटका पदाधिकारीद्वारा टिकामाला लगाई स्वागत गरिएको थियो। बैठकमा प्रदेश सांसद शोभा साह, प्रदेश सदस्य अनिल कुमार यादव, प्रदेश सचिव पुनीत राम, गुजारा नगरपालिकाका प्रमुख सन्तलाल चौधरी, संघीय परिषद सदस्य धिरेन्द्र यादव र जिल्ला उपाध्यक्ष अमृत चौधरी लगायतको उपस्थिति रहेको थियो।

# साहित्यकार आश्विनी कोइरालासँग साक्षात्कार

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १५ भदौ



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतारले स्रष्टासँग साक्षात्कार तथा साहित्यिक संवाद सम्पन्न गरेको छ। आफ्नो भ्रमणका क्रममा कतार आइ पुगेका साहित्यकार तथा पत्रकार आश्विनी कोइरालासँग शुक्रबार साक्षात्कार तथा संवाद कार्यक्रम सम्पन्न भएको हो।

कोइरालाको प्रमुख आतिथ्यता तथा कतार च्याप्टरका अध्यक्ष मणि पौडेलको सभापतित्वमा सम्पन्न संवादमा शेखर बस्नेत, सानु थपलिया, खेम सुवेदी, रूप रसाइली, विनोदबाबु अधिकारी, विनोद खड्का, दीप मीलन, लेख कार्की, सिताराम थापा, लेख कार्की, प्रेमप्रसाद भट्टराई, पूर्ण कान्छा गुरुङ, कल्याण थापा र नारायण भण्डारी लगायतले आफ्ना रचना वाचन गरेका थिए।

संवाद अन्तर्गत जीवनका बाल्यकालका दुःखबाट आफ्नो भनाइ राख्न शुरु गरेका उनले जीवनका विभिन्न आयामबारे खुलेर बोलेका थिए।

नेपालको एक सरकारी संस्थानमा जागिरे जीवन शुरु गरेका उनले लघुकथा बापतको रकम बुझ्न जाँदा आफूले कान्तिपुरमा जागिर पाएको स्मरण गर्दै त्यहाँ भित्रका विविध उतार चढावका बारेमा आफ्ना अनुभव सुनाएका थिए। घर गाडी नजोडी नेपाली साहित्यका लागि आफूले जीवनभर कमाएको सबै साहित्य पोस्टमा लगाएको बताए। उनले साहित्य नै आफ्नो कर्म रहेको बताउँदै लेख्नै नजान्नेले पनि साहित्य लेख्नुपर्ने उनको धारणा थियो।

शोभाराम ओलीले सहजीकरण गरेको कार्यक्रमको समापन सभापति पौडेलले गरेका थिए। कार्यक्रममार्फत आयोजक दुवै संस्थाले कोइरालालाई आजीवन सदस्यता प्रदान गर्दै सम्मान गरेका थिए। संवाद कार्यक्रममा कोइरालाको जीवनी समेटिएको छोटो वृत्तचित्रसहित स्वागत गरिएको थियो। यस्तै सोही अवसरमा कतारमा स्थापित साहित्यिक संस्था नवोदित साहित्यिक वाचनालय कतारका पूर्व अध्यक्ष तथा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टरका आजीवन सदस्य साहित्यकार भानु सुनुवारप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो।

सुनुवारको केहि दिन अघि नेपालमै अल्पायुमै निधन भएको थियो। सुनुवारप्रति दीप प्रज्वलन र माल्यार्पण गर्दै गहिरो समवेदना प्रकट गरिएको थियो।

# कर्णालीको कार्यवाहक मुख्यमन्त्रीमा मंगल शाही

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १५ भदौ



कर्णाली प्रदेश सरकारको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी मंगल शाहीले सम्हालेका छन्। भौतिक पूर्वाधार तथा शहरी विकासमन्त्री शाहीले बुधबारदेखि मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका हुन्। बुधबार मुख्यमन्त्री राजकुमार शर्मा स्विट्जरल्याण्ड भ्रमणमा निस्किएपछि प्रदेश प्रमुख तिलक परियारले शाहीलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी तोकेका हुन्।

मुख्यमन्त्री शर्मा स्विट्जरल्यान्डको जुरिचमा अन्तर्राष्ट्रिय मानवअधिकार आयोग, अन्तर सरकार संस्थाको आयोजनामा हुने लगानी सहकार्य विषयक कार्यक्रममा सहभागी हुन बुधबार त्यसतर्फ प्रस्थान गरेका हुन्।

बुधबारदेखि अनुपस्थित हुने गरी मुख्यमन्त्रीको सचिवालयको पत्रानुसार प्रदेश प्रमुख परियारले संविधानको धारा १५५ बमोजिम मन्त्री शाहीलाई कार्यवाहक मुख्यमन्त्री तोकेका हुन्।

## छिमेकी...

अखण्ड नक्साको बारेमा भारतीय पक्षसँग केही कुरा नगरी फर्किएका थिए। चिनियाँ नक्साले फेरि भारतीय नक्साको जस्तै विवाद उत्पन्न भएको छ। चीनले स्ट्यान्डर्ड म्याप भन्दै नयाँ नक्सामा नेपालको चुच्चे नक्सा नराखिएको हो। नेपालले कालापानी, लिपुलेक, लिम्पियाधुरासहितको नयाँ नक्सा जारी गरे पनि चीनले आफ्नो नक्सामा नेपालको पुरानै नक्सालाई स्थान दिएको छ।

२०७७ मा नेपालले कलापानी, लिपुलेक, लिम्पुयाधारा समेटेर नयाँ नक्सा जारी गरेको थियो। तर चीनले अहिले नयाँ नक्सा ल्याउँदा त्यसमा बुच्चे नक्सा राखेपछि नेपालमा चीनको आलोचना भइरहेको छ। अहिले पनि प्रधानमन्त्री प्रचण्ड अमेरिका हुँदै चीन भ्रमणमा जाने तयारीमा छन्। भारत भ्रमणका बेला जस्तै अहिले प्रधानमन्त्री प्रचण्डलाई भ्रमणको क्रममा नक्साको बारेमा कुरा गर्ने कि नगर्ने भनि प्रश्न गर्न थालिएको छ। चीनले जारी गरेको नयाँ नक्सामा नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारत भित्र देखाएपछि त्यसको विरोध स्वरुप काठमाडौं महानगरपालिकाका प्रमुख (मेयर) बालेन्द्र शाह (बालेन) आफ्नो चीन भ्रमण नै रद्द गरे। उनको पाँचदिने चीन भ्रमण तय भएको थियो। बिहीबार उनले आफ्नो चीन भ्रमण स्थगित भएको घोषणा गरे। अर्थात, नेपालमा चिनियाँ नक्साको विरोध भइराखेको छ। माओवादी पार्टी प्रवक्ता अग्निप्रसाद सापकोटा चीनले नेपालको चुच्चे नक्सा नसमेटेको विषयमा प्रधानमन्त्री प्रचण्डले चीन भ्रमणको क्रममा कुरा राख्ने बताउँछन्। चीनसँग नक्सा विवादबारे प्रधानमन्त्री प्रचण्डले कुटनैतिक तवरबाट कुरा राख्ने उनले दाबी गरे।

'चीनले किन यसो गरेको भन्नेबारे कुटनैतिक तवरबाट हल खोजिनुपर्छ। हाम्रा प्रधानमन्त्रीज्यू चीन भ्रमणमा जाँदै हुनुहुन्छ। यस विषयमा कुरा राख्नुहुन्छ' उनले भने, 'के कसो भएको हो, हामी बुझ्ने प्रयास गरिरहेका छौं।'

सीमाविद् बुद्धिनारायण श्रेष्ठ 'प्रधानमन्त्री प्रचण्ड अमेरिका हुँदै चीन भ्रमणमा जान लागेकाले नक्सा विवादको बारेमा जवर्जस्त रुपमा कुरा उठाउनु पर्ने' बताउँछन्। तर त्यहाँ कुरा उठाउनु भन्दा पहिले नेपालको तर्फबाट एजेण्डामा राखेर जानुपर्ने उनको सुझाव छ।

छिमेकीको यी लगायतका व्यवहारमा नेपाल निरन्तर आजित छ। नेपालको भूभाग हुँदै भारत र चीनले व्यापारिक नाका बनाएको विषय होस् या नेपाली भुभाग हुँदै इन्द्रसरोबार जाने बाटो भारतले एकतर्फी अगाडि बढाएको विषय होस्। भारतको संसद भवनमा राखिएको नयाँ नक्सा होस् या चिनियाँ नयाँ नक्सा। नेपाल सन्तुलित कुटनीति भन्दा भन्दै पनि छिमेकी मुलुकको व्यवहारबाट आजित रहनुपरेको परराष्ट्र मन्त्रालयकै अधिकारीहरु बताउँछन्।

## मलेसियामा...

थियो। विदेशस्थित नेपाली दूतावासहरुले राहदानीको अवधि १८ महिना वा सोभन्दा कम अवधि भएमात्र नवीकरण गर्ने गरेका छन्। मलेसियामा अवधि सकिएको राहदानी बनाउँदा २ सय ४० रिंगिट र हराएको वा कोरिएर पुनः बनाउनुपर्ने भएमा त्यसको डब्बल दस्तुर लाग्ने गरेको छ।

मलेसियामा वैदेशिक रोजगारमा विगत दुई वर्षमा ठूलो संख्यामा नेपाली कामदार पुगेका छन्। द्वितीय सचिव बुढथापाले हाल मलेसियामा ५ लाख ५० हजारको हाराहारीमा नेपाली कामदार कार्यरत रहेको, तर दूतावासमा कार्यरत कर्मचारी थप नभएकाले सहज सेवा प्रवाहमा केही समस्या रहेको बताए।

नेपाल र मलेसियाबीचको द्विपक्षीय श्रम समझदारीमा नेपाली कामदारले आफ्नो राहदानी आफैसँग राख्न पाउने व्यवस्था गरेको छ। तर कतिपय रोजगारदाता कम्पनीहरुले अहिले पनि कामदारहरुको राहदानी राखिदिने र समयमा भिसा नवीकरण नगरिदिने गरेको गुनासो आइरहेका छन्। दूतावासले इमेलमार्फत गुनासो टिपाएमा कम्पनीसँग शिकायत गरेर राहदानी फिर्ता गराइदिने बताएको छ।

## भिड...

जारी गर्दै विभागले राहदानीको आवेदन दिँदा फारममा तोकिएको समयमा मात्र आउन अनुरोध गर्दै दिउँसोको समयमा एपोइन्टमेन्ट पाएकाहरुलाई पनि बिहानैदेखि नआउन आग्रह गरेको छ। विभागले बिहान १० बजे, मध्याह्न १२ बजे, दिउँसो ३ बजेलगायतको समय तोकेर एपोइन्टमेन्ट दिने गरेको छ। तर पछिल्लो समय दिउँसो ३ बजेको एपोइन्टमेन्ट समय भएकाहरु पनि बिहानैदेखि विभागमा आउँदा बिहान अत्यन्तै भिडभाड हुने गरेको विभागले जनाएको छ। विभागले प्रत्येक दिन बिहान १० बजेदेखि आधा घण्टाको अन्तरमा १ सय ५० देखि २ सयसम्म विद्युतीय राहदानीको एपोइन्टमेन्ट खुला गर्दै आएको बताएको छ।

## खाँण...

तत्कालीन गृहमन्त्री खाँण, तत्कालीन उपप्रधानमन्त्री टोपबहादुर रायमाझी, नेपाल सरकारका सचिव टेकनारायण पाण्डे, पूर्वसांसद आङटावा शेर्पा नक्कली शरणार्थी प्रकरणका विचौलिया केशव दुलालसहित थुनामा रहेका अभियुक्तहरु उच्च अदालत समेत पुगेका छन्। थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेशविरुद्ध उच्च अदालत पाटनमा रिट दिएका खाँण अदालतको आदेशबाटै छुट्नेमा आशावादी छन्। भेट्न पुगेका नेताहरुले पनि नआत्तिन खाँणलाई भनिरहेका छन्।

यो प्रकरणमा सुरुमा पक्राउ परेका १८ जनामध्ये १६ जनालाई जिल्ला अदालत काठमाडौंका न्यायाधीश प्रेमप्रसाद न्यौपानेले गत असार १ गते थुनामा पठाउने आदेश दिएका थिए। तर यो मुद्दामा त्यसबेला ललितपुरकी लक्ष्मी महर्जन ५ लाख र होटल व्यवसायी टंक गुरुङ १० लाख रुपैयाँ धरौटी बुझाएर छुटेका थिए। बाँकी १६ जनालाई केन्द्री कारागार सुन्धारामा चलान गरिएको छ। त्यसपछि यही प्रकरणमा पक्राउ परेका अभियुक्त केशव तुलाधर असार ३१ गते १५ लाख रुपैयाँ धरौटीमा छुटेका थिए।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै भएको संगठित ठगी प्रकराण्मा गत १० जेठमा जिल्ला सरकारी वकिल कार्यालयले भीआईपीहरुसहित ३० जना प्रतिवादीविरुद्ध मुद्दा दायर गरेको थियो। यो प्रकरणमा मुद्दा दायर गरेकामध्ये ११ जना अझै फरार छन्।

**प्रमाणपत्र हराएको सूचना**

स्वस्तीका श्रेष्ठको नाममा रहेको रा.प.वोर्डको रजिष्ट्रेशन नं. ७८३२७२४४०१२७ र सि.नं. २७७०४३२७६ रहेको रा.प.वोर्डको माईग्रेसन प्रमाणपत्र बनस्थलीबाट कलंकी जाने क्रममा हराएकोले भेटाउनु हुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

*नाम : स्वस्तीका श्रेष्ठ*
*सम्पर्क नं. ९८२५१८७४१०*

**मोटरसाइकल हरायो**

मेरो १५० सि.सि.को कालो निलो रंगको, पल्सर, बा.प्र.०२-०३५प६५८०, च्यासिस नं. MD2A11CX2NPK12200, इन्जिन नं. DHXRNK70270 मोटरसाइकल मिति २०८०/०५/१३ गते तारकेश्वर-७, न्यू ग्रिनसिटी टोल फुटुङबाट हराएकोले पाउनुहुने महानुभावले निम्न ठेगाना अथवा नजिकैको प्रहरी चौकीमा बुझाइदिनुहुन अनुरोध गर्दछु।

नाम : पुजन मिश्र
सम्पर्क नं. ९८५१०८२६८६

**काठमाडौं उपत्यका खानेपानी लिमिटेड**
**आयोजना कार्यान्वयन निर्देशनालय**
**अनामनगर, काठमाडौं**

**अपिल/सूचना**

यस आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत पहिलो चरणमा संचालित काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत निर्माण गरिएका DNI / BDS पाईपलाईनहरुमा मेलम्चीको पानी पथान्तरण पश्चात पाइपलाईनको Commissioning & Testing को कार्य भैरहेको व्यहोरा सर्बसाधारणको जानकारीको लागी अनुरोध छ। Testing को समयमा पाइपलाइनमा भएको क्षति तथा अन्य कारणहरुबाट पानी लिकेज भई सडकमा पानी बग्ने हुन सक्छन। कुनै पनि स्थानमा सडकमा देखिएको लिकेज सम्बन्धी सूचना आयोजना कार्यान्वयन निर्देशनालयमा यथासिघ्र पठाई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध छ।

**सुचना पठाउने ठेगाना:**

काठमाडौं उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय
अनामनगर, काठमाडौं।

**टोल फ्री नं.**: ११३९, फोन नं. ०१५७०५७७१/५७०५९१६
**फ्याक्स नं.**: ०१५७०५०५७
**ईमेल**: pidkukl@gmail.com

**ललितपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पुल्चोक, ललितपुर
बागमति प्रदेश, नेपाल

**प्राविधिक प्रस्ताव स्वीकृती र आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशित मिति :- २०८०/०५/१६ गते**

ललितपुर महानगरपालिकाको कार्यालयबाट मिति २०८०/०१/३१ मा आर्थिक दैनिक पत्रिका र www.bolpatra.gov.np/egp मा प्रकाशित गरिएको तपशिल बमोजिमको निर्माण कार्यको लागि रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्रदाताहरु बोलपत्रको प्राविधिक पक्षको मुल्यांकनमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | निर्माण कार्यको नाम | प्राविधिक पक्षमा सफल हुने बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने विवरण | | प्राविधिक पक्षमा असफल हुने बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|---|---|
| | | | मिति, समय | स्थान | |
| 1. | Construction of Roads Pavement works, Structure works and Road furniture works within LMC (Package I), IFB NO.;-LMC/NCB/WORKS/079/80-12 | Sandarbhik-Bishal & Birat JV, Jorpati | २०८०/०५/२४ गते दिनको २:०० बजे | ललितपुर महानगरपालिकाको कार्यालय, पुल्चोक, ललितपुर | J.B.G.C/Saptapath-Drama JV, Chapagaon-11 |
| 2. | Construction of Roads Pavement works, Structure works and Road furniture works within LMC (Package II), IFB NO.;-LMC/NCB/WORKS/079/80-13 | Sandarbhik-Bishal & Birat JV, Jorpati | | | |

**UAE मा PSBD Security Guard हरुलाई रोजगार**

EMIRATES SECURITY SERVICES
Company Name: Emirates Security Services LLC.
पुनः विज्ञापन। पूर्व स्वीकृती मिति: २०७८/०७/३० चलानी नं. ६०१६७८८ LT No. : 250748

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Security Guard | 100 | 25 | काममा दक्ष | 2000 | ७१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ।

SLC Passed, उमेर: 21 देखि 40 बर्ष नकाटेको, पुरषको हकमा उचाई: 5.6 Inch भन्दा माथि र महिलाको हकमा उचाई: 5.1 Inch भन्दा माथि हुनुपर्नेछ, कामको अनुभव भएको र English राम्रो संग बोल्न, बुझ्न र पढ्न सक्ने हुनुपर्नेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८० भदौ २३ गते (9 Sep. 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.** Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, Chitwan Contact: 9802855069
Pokhara Contact: 9802855195, Itahari Contact: 9804372357,
Jhapa Contact: 9802028989
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

**युएईमा रोजगार** | कम्पनी : DIRASU CLEANING SERVICE EST.
शहर : UAE

पूर्व स्वीकृत मिति: २०८०/०५/१५ चलानी नं.: ६०२०७०८१ LT. No.: 291926

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping(Cleaner) | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,५७८ | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Helper/steward | 8 | 0 | | 1100 | ३९,५७८ | | | | | | | |
| 3. | Waiter And Waitress | 9 | 0 | | 1100 | ३९,५७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २३ गते (9 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. १५३९/०७८/०७९
**Woodland International Pvt. Ltd.**
Sinamangal-9, Kathmandu | Phone: 01-5910848, 5910849, 9808081660
E-mail: woodlandinternational22@gmail.com | www.woodlandinternational.com

**Cyprus मा महिलाहरुलाई रोजगारको अवसर**

२. कम्पनी: Red Panda Employment Private Employment Agency, Limassol, Cyprus
पूर्व स्वीकृती मिति २०८०।०२।१५ चलानी नं. ६०२०२२१६ LT.No. 286874

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 04 | काममा दक्ष | 314 | ४५,१३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

३. कम्पनी: Dia Recruitment & Immigration Services Ltd, Limassol, Cyprus
पूर्व स्वीकृती मिति २०८०।०२।१५ चलानी नं. ६०२०२२२५ LT.No. 286876

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 08 | काममा दक्ष | 314 | ४५,१३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

४. कम्पनी: Dia Recruitment & Immigration Services Ltd, Limassol, Cyprus
पूर्व स्वीकृती मिति २०८०।०२।१५ चलानी नं. ६०२०२२१९ LT.No. 286875

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | काममा दक्ष | 314 | ४५,१३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | लागत खर्च रु. ३५,०००।- |

अन्तर्वार्ता मिति २०८० भदौ २३ गते (9 Sept., 2023) मेनपावर कार्यालय गोंगबुमा हुनेछ।

**S.R.C. Job Placement Pvt. Ltd.**
Gov. Lic. No. 1585/079/80 Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

# सर्लाहीका उखु किसानले अझै पाएनन् अनुदानको रकम

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १५ भदौ



सर्लाहीका उखु उत्पादक किसानले उखु बेचेको लामो समयसम्म पनि सरकारबाट पाउनुपर्ने अनुदानबापतको रकम नपाएको गुनासो गरेका छन् । उनीहरूले उत्पादन गरेको उखु बेचेको करिब नौ महिना हुँदासमेत सरकारले दिनुपर्ने प्रतिक्विन्टल ७० रुपैयाँ अनुदानबापतको रकम अझैसम्म पनि नपाएको गुनासो गरेका हुन् ।

उखु बिक्री गरेको नौ महिना बितिसक्दा पनि सरकारी अनुदानको रकम नपाउँदा आफूहरु निकै मारमा परेको किसान राजकुमार महतोले बताए । उनले सरकारले घोषणा गरेको उखुको अनुदानको रकम समयमा भुक्तानी नहुँदा घर खर्च टार्न र खेतीपाती लगाउन मुस्किल भएको बताए ।

सरकारले आर्थिक वर्ष २०७९/८० का लागि उखुको समर्थन मूल्य प्रतिक्विन्टल ६ सय १० रुपैयाँ निर्धारण गरेको थियो । त्यसमध्ये उद्योगले ५ सय ४० र सरकारले ७० रुपैयाँ गरी किसानलाई ६ सय १० रुपैयाँ भुक्तानी गर्ने सहमति भए पनि हालसम्म पनि सरकारले दिने भनेको अनुदानबापतको रकम नपाएको अर्का किसान रामबाबु यादवले बताए। उनका अनुसार उद्योगले जिल्लाका उखु उत्पादक किसानलाई ५ सय ४० रुपैयाँ भुक्तानी गरिसक्दा पनि सरकारले अनुदानबापतको रकम भुक्तानी गरेको छैन ।

यता चिनी उद्योगले समयमै उखु बिक्री गरेको तथ्यांक सरकारलाई उपलब्ध नगराएकाले भुक्तानी ढिलो भएको र उखु बिक्री गरेको तथ्यांक पठाउन उद्योगलाई ताकेता गरिरहेको उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले जानकारी दिए । उनका अनुसार चिनी उद्योगले उखु बिक्री गरेको तथ्यांक कृषि मन्त्रालयलाई पठाएपछि मात्रै अर्थ मन्त्रालयले अनुदानको रकम उखु उत्पादक किसानलाई पठाउने गरेको छ ।

चिनी उद्योग र सरकारको कमजोरीका कारण जिल्लाका किसानले दुःख पाएको अध्यक्ष मैनालीले बताए । आफूहरुले सरकारले दिने अनुदानको रकम पठाउन सरकार र उद्योगलाई दबाब दिइरहेको उल्लेख गर्दै उनले असोजको पहिलो हप्तासम्म भुक्तानी पाइने अपेक्षा रहेको बताए ।

# केरुङ नाका हुँदै सिमकोट आइपुग्यो खाद्यान्न

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १५ भदौ



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले केरुङ नाका हुँदै तिब्बतीबाट पठाएको खाद्यान्न हुम्लाको सिमकोट आइपुगेको छ।

काठमाडौंबाट रसुवाको केरुङ नाका हुँदै तिब्बती मार्ग भएर आएको खाद्यान्न हिल्सा हुँदै बुधबार बेलुका ट्याक्टरमार्फत सिमकोटको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड ल्याइएको हो ।

खाद्यान्न लोड भएका गाडीहरूले केरुङबाट तिब्बती मार्ग हुँदै चीनको ताक्लाकोटबाट हिल्सा आइपुग्न तीन दिन लगाएका थिए । हिल्साबाट हुम्लाको नाम्खा गाउँपालिका वडा नं. ४ को केर्मीमा खाद्यान्न पुऱ्याए लगत्तै सिमकोटका लागि ट्याक्टरमार्फत खाद्यान्न ढुवानी शुरु भएको सिमकोट शाखाका निमित्त कार्यालय प्रमुख नवीन आचार्यले बताए। कार्यालय प्रमुख आचार्यका अनुसार बुधबारदेखि शुक्रबारसम्म ट्याक्टरमार्फत तीन सय कुइन्टल खाद्यान्न सिमकोट शाखामा पुगेको छ । नाम्खा गाउँपालिकाको केर्मी यता ठूला ट्रक आउन नसक्ने हुँदा त्यसयता ट्याक्टरमार्फत खाद्यान्न ल्याउनु परेको हो । केर्मीको च्याछरा भिरमा ठूला मालबाहक ट्रक आउने सडक नबन्दा समस्या हुँदै आएको छ। केर्मीमा करिब तीन ट्रक खाद्यान्न सिमकोटका लागि पुगेको छ।

हुम्ला जिल्ला भरिनै खाद्यान्नको समस्या भएको बेला कम्पनीले चार हजार क्वीन्टल खाद्यान्न पैदल मार्गबाट पठाएको हो । जिल्लामा खाद्यान्न समस्या देखिएको बेला केरुङ नाका हुँदै तिब्बती मार्गबाट हिल्सादेखि सिमकोटसम्म चार हजार क्वीन्टल खाद्यान्न हिल्सा आइपुगे लगत्तै तीन सय क्वीन्टल खाद्यान्न सिमकोट ढुवानी भएको छ । उक्त खाद्यान्न मध्ये एक हजार क्वीन्टल नाम्खा गाउँपालिकाको केन्द्र याल्वाङ बिक्री केन्द्रका लागि र तीन हजार क्वीन्टल सिमकोट शाखाको लागि ढुवानी हुनेछ ।

सो खाद्यान्न अघिल्लो आर्थिक वर्षको खाद्यान्न हो । खाद्यान्न सबै सिमकोट पुगे लगत्तै सर्वसाधारणका लागि बिक्री वितरण गरिने छ । तिब्बती मार्ग भएर ढुवानी भएर आउने खाद्यान्न हवाई मार्गको खाद्यान्न भन्दा ढुवानी दर सस्तो परेको छ ।

काठमाडौं, केरुङ, तिब्बत र हिल्सा हुँदै सिमकोट पुगेको खाद्यान्न प्रति क्वीन्टल सात हजार पाँच सय, नाम्खा गाउँपालिकाको याल्वाङसम्म ढुवानी हुने प्रति क्वीन्टल खाद्यान्न चार हजार आठ सय रुपैयाँ ढुवानी लाग्नेछ । हुम्लामा आउने नेपालगन्जबाट हवाई मार्गबाट ढुवानी हुने खाद्यान्नको हवाई भाडा प्रति क्वीन्टल सोह्र हजार लाग्ने गर्छ भने सुर्खेतबाट प्रति क्वीन्टल पन्ध्र हजार पाँच सय रुपैयाँ लिमिटेडले तिर्दै आएको छ ।

# प्रदेश दुग्ध विकास बोर्डद्वारा सरोकारवालासँग छलफल



**काठमाडौं/मस-** बागमती प्रदेश दुग्ध विकास बोर्डअन्तर्गत बागमती प्रदेशमा दुग्ध क्षेत्र सुधार समितिले पहिलो पटक सरोकारवालासँग काठमाडौंमा एक छलफल कार्यक्रम आयोजना गरेको छ । छलफल कार्यक्रममा बागमती प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टिका बल्लभ सापकोटा, बोर्डकी नि. निर्देशक डा.सजिना ज्ञावली, नेपाल डेरी एशोसिएसनका केन्द्रीय अध्यक्ष प्रल्हाद दाहाल, केन्द्रीय सदस्य रमेश सञ्जेल, नेपाल डेरी एशोसिएसन बागमती प्रदेशका अध्यक्ष टिका प्रसाद घिमिरे, डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहाल, केन्द्रीय दुग्ध सहकारी संघका वरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद सापकोटाको सहभागिता रहेको थियो ।

छलफल कार्यक्रममा नेपाल डेरी एशोसिएसनका अध्यक्ष दाहालले अहिले लम्पी स्किन रोगका कारण लाखौं पशुहरु संक्रमित भएको र ५० हजार पशुको मृत्यु भएको जानकारी दिँदै यसले किसानको ठूलो नोक्सान भएको तथा दुध उत्पादनमा समेत कमी आएको बताए । यसले तत्काल दुध अभावको समस्या नदेखिएता पनि आउँदो सिजन फागुनबाट दुधको ठूलो अभाव हुने उनले बताए । केन्द्रीय दुग्ध उतपादक सहकारी संघका वरिष्ठ सापकोटाले अहिले देशमा लम्पी स्किन रोगका कारण दुध कम हुनुपर्नेमा दुध बढी भएर मिल्क होलिडे हुने अवस्था आएको बताए । भारतसँग जोडिएका सीमाबाट अवैध बाटो हुँदै दैनिक लाखौं लिटर दुध भित्रिंदा ठूलो समस्या आएकोले तत्काल सीमा नाकामा कडाइ गर्नुपर्नेमा उनले जोड दिए। डेरी उद्योग संघका अध्यक्ष दाहालले अहिलेको समस्या हल गर्न राज्यले सहयोग गनुपर्ने नभए अझ थप विकराल समस्या आउन सक्ने बताए ।

बोर्डका नि.निर्देशक डा.सजिना ज्ञावलीले अहिले देखिएको समस्या हल गर्न नै यो छलफल आयोजना गरिएको बताए । बोर्डका उपाध्यक्ष टिका बल्लभ सापकोटाले छलफलमा उठेका सबै समस्याको हल गर्न बोर्डले प्रयास गर्ने बताउँदै अहिले किसानले उत्पादन गरेको दुध बिक्री हुन गाह्रो भएको र बिक्री हुँदा पनि उद्योगबाट समयमै भुक्तानी नपाएकाले तत्काल दुग्ध विकास संस्थान र निजी उद्योगहरुले समयमै किसानको रकम भुक्तानी दिन आग्रह गरे । किसान समस्यामा भएकाले भोलिका दिनमा थप समस्या नहोस् भनेर बोर्ड लागिरहेको बताउँदै उपाध्यक्ष सापकोटाले किसानका समस्या हल गर्न तत्काल सबै सरोकारवालाहरु लाग्नुपर्ने बताए ।

# नगर प्रमुख बैजनाथ यादव सवार गाडी दुर्घटना

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १५ भदौ



रौतहटको माधवनारायण नगरपालिकाका प्रमुख बैजनाथ प्रसाद यादव सवार गाडी बिहीबार राति दुर्घटनामा परेको छ । रौतहटबाट मधेश प्रदेशको राजधानी जनकपुर जाँदै गरेको नगरपालिकाको ना १ झ १६६७ नम्बरको गाडी जनकपुरधाम उपमहानगरपालिका-१४ बाबा पेट्रोल पम्प नजिक दुर्घटना हुँदा नगर प्रमुख यादवसहित गाडीमा सवार अन्य चार जना घाइते भएका छन् । तीव्र गतिमा जाँदै गरेको गाडी एक्कासी सडकबाट नहरमा खसेर दुर्घटनाग्रस्त भएको प्रहरीले बताएको छ ।

# वीरेन्द्रनगरमा नगरमाइक्रो बसको भाडादर बढ्यो



**सुर्खेत/मस-** सुर्खेतको वीरेन्द्रनगर उपत्यकामा सञ्चालन भइरहेको नगर माइक्रो बसको भाडादर बढाइएको छ । इन्धनको बजार मूल्य बढेकाले नगर माइक्रो बसको भाडा पनि बढाइएको संयुक्त यातायात व्यवस्थापन समितिले जनाएको छ ।

समितिले गत असार १ गतेबाट वीरेन्द्रनगर उपत्यकामा नगर बस सञ्चालन गर्दै आएको छ । हालसम्म समितिले वीरेन्द्रनगरका जुनसुकै चोकमा जाँदा पनि २० रुपैयाँ कायम गरेको थियो । तर अब भने समितिले शनिबारबाट लागू हुनेगरी नयाँ भाडा दर कायम गरेको छ ।

अब वीरेन्द्रनगरका जुनसुकै चोकमा जाँदा ३० रुपैयाँ लाग्ने भएको छ । हाल संयुक्त यातायातले नगर क्षेत्रका भित्री सडकहरु दैनिक १४ वडामा नगर माइक्रो बस सञ्चालन गर्दै आएको छ ।


## कम्पनीको नाम परिवर्तनको सूचना

**तेश्रो पटक प्रकाशित मितिः २०८०/०५/१६**

**यस कम्पनीको मिति २०८०/०१/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय अनुसार साविकको कम्पनी बलेसी रिसोर्ट प्रा.लि. (प्रा.लि. नं. २९४३६९) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/०७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी बलेसी फार्म रिसोर्ट प्रा. लि. कायम गरिएको जानकारी गराइन्छ ।**

## काठमाडौं महानगरपालिका वडा नं ३२ बाट सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. सिन्धुकोट स्थायी घर बताउने माधव पौडेल र सुष्मा पौडेल दाहाललाई., ३२ नं.वडा कार्यालयमा उपस्थित हुनेबारे १५ दिने सूचना

**प्रकाशित मिति : २०८०/०५/१६**

उपरोक्त सम्बन्धमा यस वडा नं. ३२ कोटेश्वर स्थित कि.नं ४७ को क्षेत्रफल १-७-१-० भएको कीसलाल अवालेको घरमा विगत ३ वर्ष देखि रेडिमेड कपडा संचालन गर्दै आउनुभए वापत तपाईंले विगत १० महिना देखि सम्पर्क विहिन भई घरभाडा बापतको रकम नदिएको भनि घरधनीले बहाल रकम असुल उपर गरी सटर खाली गराई पाउँ भनि निवेदन दिनु भएकाले सो निवेदन कार्यान्वयन गर्न नपर्ने आधार र कारण भए काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका, २०७९ को २७ (४) बमोजिम लिखित जवाफ सहित उपस्थित हुन आउनुहोला अन्यथा ऐ. निर्देशिकाको २७ (६) बमोजिम हुने यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**३२ नं. वडा कार्यालय,**
**बागमती प्रदेश, काठमाडौं, नेपाल**

**अनुसूची-१५**
**(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०५/१६**

श्री सिद्धचुली सामुदायिक वन उपभोक्ता समुह, भेरीगंगा-२ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०८०/०८१ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको साल जातको गोलिया थान १२ को १५०.५३ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. वीरेन्द्रनगर सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सिद्धचुली सामुदायिक वन उपभोक्ता समुह**
**भेरीगंगा-२, सुर्खेत**

**दावी विरोध सम्बन्धी**
**बैदेशिक रोजगार विभाग काठमाडौंको**

## सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०५/१६ गते

यस विभागबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **टाईम्स म्यानेजमेन्ट सिस्टम प्रा.लि.** (इ.प्र.नं.९४४/०६७/०६८) को काठमाडौं जिल्ला टोखा.न.पा. वडा नं. ०९ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०३ कायम गर्न माग भई आएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाइ | प्रति इकाइ मूल्य (NRS) | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Exter | Petrol | Hyundai | SX | 1197cc | India | 1 | 44,96,000/- | 44,96,000/- |

HYUNDAI | LAXMI
Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company)
an entity of Laxmi Group Nepal
Naxal, Kathmandu

Vat No.: 302958429
Tel.: 01-4533674, 4533780

## साउदीमा वैदेशिक रोजगार अवसर

१. कम्पनीः DOHA TECHNICAL TURNERY LATHE — शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८०/०५/१३ — चलानी नं.: ६०२०७०६३ — L.T. No.: 291892

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः ABDULAZIZ AHMED AL-AJLAN TRANSPORT COMPANY — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०८०/०५/१३ — चलानी नं.: ६०२०७०६२ — L.T. No.:291891

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Mechanic | 2 | 0 | स. काममा दक्ष | 2200 | ७७,५०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः ALI MOH. ALI AJRAN TRADING EST — शहरः JEDDAH
पुर्व स्वीकृत मितिः २०८०/०५/१३ — चलानी नं.: ६०२०७०६१ — L.T. No.:291770

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load And Unload Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २३ गते (9 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

FutureLink
**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनीः M.A.C. TECHNOLOGY (M) SDN. BHD. — शहर : Malaysia,Darul Khusus
पूर्व स्वीकृत मितिः२०७९/०४/१६ — चलानी नं.: ६०१८४३१५ — LT. No.: 268477 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः NOMNOM BRANDS SDN BHD — शहर : Bangsar
पूर्व स्वीकृत मितिः२०७९/०३/१२ — चलानी नं.: ६०१८१८१५ — LT. No.: 265789 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 66 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
